# चन्द्रागिरी नगरपालिका

चन्द्रागिरी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ४ मितिः फाल्गुण २८ गते, २०७५

## भाग-२

## चन्द्रागिरी नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रगिरी नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्बत् २०७५ सालको कार्यविधि नं. ८

## महिला विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७५

**प्रस्तावना :**

नगरपालिका क्षेत्र भित्रका वडास्तर देखी नै महिला जनप्रतिनिधिको नेतृत्वमा सरोकारवाला महिलाहरूको प्रतिनिधित्व महिला विकास समिति मार्फत सुनिश्चित गर्दै नगरपालिका मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहत रहने गरी महिला विकास परिषद्को गठन गरी सोही परिषद् मार्फत महिला विकास सम्बन्धी नगरपालिका स्तरीय नीति निर्माण देखी कार्यान्वयन तहसम्म आवश्यकता अनुसारसंलग्न गराई समग्र चन्द्रागिरीको सर्वाङ्गीण विकासको मुलप्रवाहमा महिलालाई समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले, चन्द्रागिरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरी नगरपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "महिला विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि चन्द्रागिरी नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"अध्यक्ष"** भन्नाले यस कार्यविधिको नियम ६ बमोजिम गठन हुने परिषद्को अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले चन्द्रागिरी नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) **"कार्यालय"** भन्नाले चन्द्रागिरी नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) **"कार्यविधि"** भन्नाले महिला विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७५ लाई सम्झनु पर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले चन्द्रागिरी नगरपालिकालाई सम्झनुपर्छ ।

(च) **"परिषद्"** भन्नाले कार्यविधिको नियम ६ बमोजिमको परिषद्लाई सम्झनु पर्छ ।

(छ) **"वडा"** भन्नाले चन्द्रागिरी नगरपालिका मातहतको कुनैपनि वडालाई सम्झनु पर्छ ।

(ज) **"वडा समिति"** भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनु पर्छ ।

(झ) **"वडाध्यक्ष"** भन्नाले चन्द्रागिरी नगरपालिका मातहतको सम्बन्धित वडाका वडाध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) **"वडा सचिव"** भन्नाले सम्बन्धित वडाको वडा सचिवलाई सम्झनु पर्छ ।





(ट) **"समिति"** भन्नाले कार्यविधिको नियम ३ बमोजिम प्रत्येक वडामा गठन हुने "महिला विकास समिति" लाई सम्झनु पर्छ ।

(ढ) **"सदस्य"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति तथा परिषद्का सदस्यलाई आवश्यकता अनुसार सम्झनु पर्छ ।

(ण) **"सामाजिक विकास समिति"** भन्नाले चन्द्रागिरी नगरपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७५ को दफा १५ बमोजिम गठन भएको सामाजिक विकास समितिलाई सम्झनु पर्छ ।

(त) "संयोजक" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने महिला विकास समितिका संयोजकलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## महिला विकास समिति सम्बन्धी व्यवस्था

३. **समितिको गठन :**

(१) प्रत्येक वडामा महिला विकास सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक महिला विकास समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित वडा समितिले तोकेको सम्बन्धित वडाको महिला जनप्रतिनिधिहरू मध्येबाट एकजना – **संयोजक**

(ख) सम्बन्धित वडा भित्रका टोल विकास संस्थाका अध्यक्ष वा निजले तोकेको टोल विकास संस्थाको पदाधिकारी वा सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एक/एक जना – **सदस्य**

(ग) महिलाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुर्याएका महिलाहरूमध्येबाट वडा समितिबाट मनोनित चारजना **–सदस्य**

(घ) वडा सचिव **–सदस्य सचिव**

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरूको मनोनयन समावेशी सिद्धान्तको आधारमा वडा समितिले गर्नेछ ।

(४) मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिश गरेमा वडा समितिले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ ।

तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**४. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक सम्बन्धित वडा कार्यालयमा बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ ।

(३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सदस्यहरूलाई दिनेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।





(६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) समितिको बैठकमा वडाध्यक्षलाई आमन्त्रण गर्नु पर्नेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकार :**

यस कार्यविधि तथा अन्य नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाभित्रका टोल विकास संस्थाहरूले सम्पादन गर्ने कार्यमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

(ख) महिला सशक्तीकरण तथा मुल प्रवाहीकरण सम्बन्धी कार्यक्रमहरूको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

(ग) वडाभित्र क्रियाशील महिलासँग सम्बन्धित संघ संस्थाहरूवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्ने ।

(घ) वडाभित्रका महिलाहरूलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिश गर्ने ।

(ङ) महिलालाई सर्वाङ्गीण विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्यहरू सञ्चालन गर्ने, गराउने ।

(च) महिलालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(छ) महिलासँग सम्बन्धित विभिन्न संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(ज) लैङ्गिक हिसाँ नियन्त्रणका आवश्यक कार्यक्रमहरूको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

(झ) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद ३

## महिला विकास परिषद्सम्बन्धी व्यवस्था

**६. परिषद्को गठन :**

(१) कार्यपालिका मातहतको 'सामाजिक विकास समिति'को प्रत्यक्ष मातहतमा रहने गरी नगरपालिका स्तरीय एक महिला विकास परिषद्को गठन देहाय बमोजिम हुनेछ :

(क) सबै वडाका समितिका संयोजकहरू मध्येबाट आफूले छानेको एकजना – **अध्यक्ष**

(ख) सबै वडाका महिला विकास समितिका संयोजक – **सदस्य**

(ग) सबै वडाभित्र रहेका टोल विकास संस्थाका अध्यक्षहरू मध्येबाट एक वडाबाट एक जनाभन्दा बढी नहुने गरी कार्यपालिकाले मनोनयन गरेका पाँचजना – **सदस्य**

(घ) महिलाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुर्याएका महिलाहरूमध्येबाट कार्यपालिकाबाट मनोनित सातजना – **सदस्य**

(ङ) कार्यालयको महिला विकास शाखा हेर्ने शाखा प्रमुख – **सदस्य सचिव**

(२) उपनियम (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यहरूको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

(३) मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी परिषद्को बहुमत सदस्यले ठहर गरी सामाजिक विकास समिति मार्फत कार्यपालिकामा सिफारिश गरेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ ।

तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**७. परिषद्को बैठक र निर्णय :**

(१) परिषद्को बैठक कम्तीमा दुईमहिनामा एक पटक बस्नेछ ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा परिषद्को बैठक बस्नेछ ।





(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सदस्यहरूलाई दिनेछ ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरूको उपस्थिती भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

(७) परिषद्को बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

**८. परिषद्को काम, कर्तव्य र अधिकार :**

यस कार्यविधि तथा अन्य नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) महिला विकास सम्बन्धी नगरपालिका स्तरीय दीर्घकालिन नीतिको मस्यौदा तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

(ख) महिला लक्षित नगरपालिकास्तरीय वार्षिक कार्यक्रमहरूको तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

(ग) नगरपालिका क्षेत्रभित्र क्रियाशील महिलासँग सम्बन्धित विभिन्न संघ संस्थाहरूलाई नगरपालिकामा सुचीकृत गर्ने र उल्लिखित संस्थाहरूको काम कारवाहीको रेखदेख तथा नियमन गर्ने ।

(घ) नगरपालिका क्षेत्रभित्रका महिलाहरूलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी सामाजिक विकास समितिमा सिफारिश गर्ने ।

(ङ) नगरपालिका क्षेत्रभित्रका महिलाहरूलाई विकासको मुलप्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

(च) महिला विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा सामाजिक विकास समितिमा सिफारिश गर्ने ।

(छ) नगरपालिका क्षेत्रभित्रका महिलाहरूलाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(ज) नगरपालिकामा सुचीकृत महिला सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(झ) कार्यपालिका तथा सामाजिक विकास समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद ५
## विविध

**९. उपसमिति वा कार्यदल गठन गर्नसक्ने :**

परिषद् वा समितिले यस कार्यविधि बमोजिम आफूले गर्नु पर्ने कुनै कार्यसम्पादन गर्नका निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

**१०. पारिश्रमिक, सुविधा तथा बैठक भत्ता :**

(१) समिति र परिषद्का पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन् ।

(२) वर्षमा बढीमा छ वटासम्म बस्ने बैठकको लागि मात्र बैठक भत्ता उपलब्ध गराइनेछ ।

**११. वार्षिक प्रतिवेदन :**

(१) समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सम्बन्धित वडाका वडाध्यक्ष र परिषद् समक्ष पेश गर्नु पर्नेछ र वडाध्यक्षले उक्त प्रतिवेदन वडा समितिको बैठकमा प्रस्तुत गरी सामाजिक विकास समितिमा पेश गर्नु पर्नेछ ।

(२) परिषद्ले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सामाजिक विकास समितिका संयोजक समक्ष पेश गर्नु पर्नेछ र सामाजिक विकास समितिका संयोजकले उक्त प्रतिवेदन सामाजिक विकास समितिको बैठकमा प्रस्तुत गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ ।





**१२ निर्देशन दिन सक्नेः**

(१) कार्यपालिका तथा समाजिक विकास समितिले दिएको निर्देशन पालना गर्नु यस कार्यविधि बमोजिम गठित समिति र परिषद्को कर्तव्य हुनेछ ।

**१३. संरक्षक सम्बन्धी व्यवस्था :**

(१) परिषद्को संरक्षक सामाजिक विकास समितिका संयोजक हुनेछन् ।

(२) समितिको संरक्षक सम्बन्धित वडाका वडाध्यक्ष हुनेछन् ।

**१४. सहयोग गर्नुपर्नेः**

यस कार्यविधि बमोजिम गठित परिषद् र समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१५. समिति र परिषद्को विघटन :**

(१) यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सम्बन्धित वडाको वडा समितिले विघटन गर्न सक्नेछ र सोको जानकारी सामाजिक विकास समितिलाई गराउनु पर्नेछ ।

(२) यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम काम गर्न नसक्ने परिषद्लाई सामाजिक विकास समितिको सिफारिशमा कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

**१६. विषयगत समितिका संयोजक परिषद्को अध्यक्ष हुन नपाउने**

यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका मातहतको विषयगत समितिका संयोजकहरू यस कार्यविधि बमोजिम गठन हुने परिषद्को अध्यक्ष हुन पाउने छैनन् ।

**१७. कार्यपालिकासँग सम्पर्कः**

परिषद्ले कार्यपालिकासँग सम्पर्क राख्नु पर्दा सामाजिक विकास समिति मार्फत राख्नु पर्नेछ ।

**१८. मापदण्ड बनाउने अधिकार :**

यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सामाजिक विकास समितिको सिफारिशमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गरी लागु गर्न सक्नेछ ।

**१९. बाधा अड्काउ फुकाउने:**

यस कार्यविधिमा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**आज्ञाले**
**युवराज पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणिकरण : २०७५/११/२८ गते

मुल्य रु. १०।-